# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष १, अङ्क १२, चैत्र २०७७ www.ntv.org.np

**नयाँ वर्ष २०७८ सालको अवसरमा नेपाल टेलिभिजनका सम्पूर्ण कर्मचारी, विज्ञापनदाता एवम् शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छौं ।**
**- नेपाल टेलिभिजन इवुलेटिन कार्यदल**

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७७ साल चैत्र महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको बाह्रौं अंक हो ।

- प्रशासनः महाप्रवन्धकको स्वागत / नेपाल टेलिभिजनको कार्यशाला
- समाचारः नयाँ बर्षको स्वागतमा समाचार र वृतचित्र निर्माण
- कार्यक्रमः नियमित कार्यक्रमसंगै प्रत्यक्ष प्रसारणको निरन्तरता
- एनटिभी प्लसः नयाँ कार्यक्रम निर्माण
- व्यापारः सम्झौता र व्यापार विस्तारको सिलसिला
- आर्थिक प्रशासन महाशाखाः अन्तिम लेखा परीक्षण सम्पन्न
- अपरेशनः स्टुडियो एवम् बाहय कार्यक्रम उत्पादनमा सक्रिय
- योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्वन्धः आवधिक समीक्षा विवरण पेश
- एनटिभी कोहलपुरः समिक्षा बैठक सम्पन्न
- एनटिभी इटहरीः नयाँ कार्यक्रम उत्पादन, प्रसारण हुँदै कार्यक्रम नयाँ-नयाँ

## महाप्रवन्धकको स्वागत



नेपाल सरकारको मिति २०७७।१२।०५ गतेको निर्णयानुसार नेपाल टेलिभिजन संस्थानको महाप्रबन्धकमा ४ वर्षका लागि नियुक्त भई आउनु भएका श्री फूलमान वल तामाङलाई एक कार्यक्रमका बीच २०७७ चैत ११ गते संस्थानमा स्वागत तथा पदस्थापन गरियो ।

उक्त कार्यक्रममा संस्थानका कार्यकारी अध्यक्ष श्री महेन्द्र विष्टले नवनियुक्त महाप्रबन्धकको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुका साथै नेपाल टेलिभिजनको विकासमा नवनियुक्त महाप्रबन्धकको योगदान महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो । नेपाल टेलिभिजन



कर्मचारी संघ, नेपाल टेलिभिजन कर्मचारी युनियन, नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका प्रतिनिधि तथा उपस्थित कर्मचारीहरुले नवनियुक्त महाप्रबन्धकलाई स्वागत गर्दै वहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभएको थियो । सोही कार्यक्रममा नवनियुक्त महाप्रबन्धकले संस्थानको विकास, विस्तार एवं श्रीवृद्धिमा आफूलाई समर्पित गर्ने बताउनुभयो ।

## काभ्रेमा नेपाल टेलिभिजनको कार्यशाला

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पार्वत गुरुङको प्रमुख आतिथ्यमा काभ्रेपलाञ्चोक, धुलिखेलमा मिति २०७७ चैत १३ देखि १४ सम्म आयोजित नेपाल टेलिभिजन प्रविधि र विषयवस्तुमा सुधार एवं भावी योजना विषयक कार्यशाला गोष्ठी सम्पन्न भयो ।







सो गोष्ठीमा संस्थानका तर्फबाट प्रस्तुत विषयमा सरोकारवाला निकाय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, स्वतन्त्र विज्ञहरु, प्रमुख विज्ञापन एजेन्सीका प्रतिनिधिहरुसहित छलफल तथा प्रस्तुति भई सहभागी सरोकारवालाहरुबाट महत्वपूर्ण प्रतिक्रिया एवं सुझाव प्राप्त हुनुका साथै गोष्ठी अत्यन्तै सफलतापूर्वक सम्पन्न भयो ।

२०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भद्रकाली प्लाजस्थित नेपाल टेलिभिजनको व्यापार महाशाखा भवन पुनः निर्माण गर्ने सन्दर्भमा नेपाल पुनःर्निर्माण प्राधिकरणका पदाधिकारीहरुसँग नेपाल टेलिभिजनको सभाकक्षमा छलफल भयो ।  छलफलका क्रममा भवनको पुनःर्निमाण सम्वन्धमा हालसम्म भएका कार्य प्रगतिबारे प्राधिकरणका पदाधिकारीहरुले प्रस्तुति गर्नुभएको थियो ।





## नयाँ बर्षको स्वागतमा समाचार निर्माण

संवत २०७७ साल हामीबाट विदा भएर नयाँ वर्ष २०७८ आरम्भ भएको छ । नव वर्ष शुरु हुदै गर्दा वर्ष २०७७ सालमा देशमा भएका विभिन्न महत्वपूर्ण घटनाक्रमहरुको विवरणलाई समेटेर समाचार एवम् समाचारमूलक सामग्रीहरुको निर्माण र प्रसारण समाचार च्यानलबाट भएको छ । गएको वर्षमा राजनीतिक, आर्थिक, सामाजिक लगायत क्षेत्रमा विभिन्न उतारचढावहरु आएका छन् । तिनै विविध राष्ट्रिय घटनाक्रमको विवरणलाई समेटेर "२०७७ साललाई फर्केर" हेर्दा वृतचित्रको पनि निर्माण भएको छ । यसैगरी संवत २०७७ सालमा सरकार र सरकारी निकायहरुबाट भएका महत्वपूर्ण उपलव्धि, हाशिल भएका प्रगति र आगामी लक्ष्यको विवरण सहित समिक्षात्मक समाचार र समाचारमूलक सामाग्रीहरु पनि समाचार च्यानलमा प्रसारण भए ।




## समाचारमा समसामयिक सन्दर्भ

समाचार च्यानलबाट चैत्र महिनामा पनि जनचासोका विविध विषयका समाचार र समाचारमूलक सामग्रीहरु प्रसारण भएको छ । विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय महत्वका घटनाक्रमहरुको सूचना र समाचार प्रस्तुति यो महिना पनि समाचार च्यानलका प्राथमिकता बने । सरकारका नीति तथा योजनाहरुबारे यथार्थ जानकारी संप्रेषण गरी आमनागरिकलाई सुसूचित गराउने राष्ट्रिय च्यानलको दायित्वबोधले विगतमा झै निरन्तरता पाएको छ । विकास निर्माण र तीसंग जोडिएका नागरिका सरोकार, नीति निर्माण र त्यसको कार्यान्वयन, विकासका प्रतिफल र जोखिमको मूल्याङ्कन यी सबैमा समाचार च्यानलले सरोकारवालाहरुसंग जोडिएर सूचना र समाचार प्रसारण भएको छ ।

## संक्रमणबारे सचेततामूलक समाचार

स्वास्थ्य महामारीको संकट बनिरहेको कोरोनाभाइरसको प्रभाव र त्यसको दोस्रो लहरको संभावित जोखिमबाट सुरक्षित रहने, कोरोनाको जोखिम न्युनिकरणका लागि स्वास्थ्य सतर्कता अपनाउने वातावरण निर्माणका लागि सचेतनामुलक समाचार सामग्री र कार्यक्रमहरुको निर्माण चैत्र महिनामा समाचार च्यानलको प्रथमिकतामा पर्यो । यसैगरी कोभिड संक्रमणको जोखिम घटाउन सरकारले शुरु गरेको खोप कार्यक्रम र खोप लगाउन लक्षित समूहहरुलाई जानकारी र सचेत गराउने बारेका समाचारहरु पनि निरन्तरण प्रसारण भएको छ । यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ बारे सार्वजनिक गरेको दैनिक अद्यावधिक विवरण र त्यससंग सम्वन्धित समाचारहरु प्रसारण गरी जोखिमको अवस्था र सरकारका निर्देशन एवम् आग्रहहरुलाई आमनागरिक सम्म समाचारका रुपमा पुर्याउने कामले पनि निरन्तरता पाइरहेको छ । यसका लागि घटना र विषयहरुको प्रत्यक्ष प्रसारण गरिनुका साथै समाचार बुलेटिनहरुमा पनि समावेश हुदै आइरहेका छन् ।



## नियमित कार्यक्रम संगै प्रत्यक्ष प्रसारणको निरन्तरता

२०७७ सालको अन्त्य र नयाँ वर्षको स्वागतमा नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणबाट यो महिनाको अन्तिम दिनमा शुभारम्भ साँझ कार्यक्रम प्रत्यक्ष प्रसारण भयो । यो कार्यक्रम राती साढे ९ बजे देखि साढे १२ बजे पश्चात् सम्म निरन्तर प्रत्यक्ष प्रसारण भयो । जसमा विभिन्न गित, नृत्य तथा प्रस्तुतिहरु रहेका थिए ।




यो महिना नियमित कार्यक्रमहरु दोहोरी च्याम्पियन, संघर्ष, दलित सवाल, सूचना मेरो हक, जनस्वास्थ्य बहस, रोजगार हाम्रो सरोकार, परीक्षा सवाल र हाम्रो उच्च शिक्षा प्रसारण भए । यसैगरी कोभिड हटलाइन, कोरोना केयर, शिक्षाको चौतारी, समृद्ध नेपाल, सुरक्षित नेपाल, आजको चर्चा, मेरो देश मेरो संगित, महिला अधिकार, सुशासन सवाल, आजको विज्ञान, संसद फोकस, भूमिमा प्रविधि, कानूनका कुरा, डिजिटल नेपाल, सृजनाका सारथी, चौतारी, चिल्ड्रेन्स क्लब, टेलिफिल्म जीवनचक्र निर्माण तथा प्रसारण भए ।



यसका साथै धार्मिक कार्यक्रमहरु ज्योतिष मन्थन, विश्वास र योग र जीवन, प्रसारण भए । दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु कृषिमा संवाद, नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, सफल कृषक, कृषिमा महिला, कृषि गतिविधि र कृषि टेलिफिल्म भरोषा निर्माण तथा प्रसारण भए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए ।




आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आएको छ ।

यसका साथै प्रधानमन्त्रीको सम्बोधन, मन्त्रिपरिषद् बैठकको निर्णय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस ब्रिफिङ लगायत विभिन्न कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण पनि टेलिभिजनले यो महिनामा गरेको छ ।

## नयाँ कार्यक्रम निर्माण

२०७७ चैत्र महिनामा एनटिभी प्लसबाट आन्तरिक रुपमा १० वटा कार्यक्रमहरु उत्पादन तथा प्रसारण भएका छन् । ती कार्यक्रम मध्ये चालु आ.ब.को लागि स्वीकृत भइ उत्पादन हुन नसकेको SPORTS AND ADVENTURE नामक कार्यक्रम चैत्र महिना देखि नै उत्पादन शुरु भई प्रत्येक मंगलबार र शुक्रबार बेलुकी ७:३० बजे प्रसारण हुन थालेको हो । एनटिभी प्लसबाट उत्पादन भइरहेका कार्यक्रमहरु मध्ये कृषि अनुसन्धान र प्रविधी नामक कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद (नार्क ) सँगको सहकार्यमा र स्वस्थ्य जीवन नामक दैनिक कार्यक्रम राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रसँगको सहकार्यमा उत्पादन प्रसारण भएको हो ।

चैत्र महिनामा एनटिभी प्लसले स्वस्थ्य जीवन कार्यक्रम उत्पादनका क्रममा स्वास्थ्य सम्बन्धी आम जनसरोकारका विषयमा चेतना अभिवृदि गर्न विभिन्न चेतनामूलक सन्देशहरु पनि उत्पादन तथा प्रसारण गरेको छ ।



आगामी आर्थिक वर्षको लागि एनटिभी प्लसबाट उत्पादन प्रसारण गर्ने कार्यक्रमहरुको प्रस्तावित सूचितयारी गर्ने कार्य सम्पन्न गरी एनटिभी प्लसले उच्च व्यवस्थापन समक्ष पेश गरेको छ । प्रस्तावित कार्यक्रम तालिकामा आगामी आ.व.देखि मनोरञ्जन, खेलकुद र युवा चासोका विषय सम्बद्ध करिब एक दर्जन नयाँ कार्यक्रमहरु उत्पादन प्रसारण गर्ने लक्ष्य एनटिभी प्लसको छ ।

## सम्झौताको सिलसिला

२०७७ चैत्र महिनामा पनि नेपाल टेलिभिजनका ५ वटै च्यानलहरुबाट विभिन्न शिर्षकमा कार्यक्रमहरु निर्माण एवम् प्रसारण गर्नका लागि सम्झौताहरु सम्पन्न भएका छन् । सम्झौताहरुको यसै सिलसिला अन्तरगत चैत्र महिनासम्म रु ५६ करोड ४७ लाख ५६ हजार ४ सय ५५ बराबरको सम्झौता सम्पन्न भईसकेको छ । यो रकम आ.ब. २०७७/०७८ को लागि सञ्चालक समितिबाट तोकिएको बार्षिक लक्ष्य रु. ४८ करोड १४ लाख  हजार ५० हजार भन्दा झण्डै ८ करोड भन्दा बढि हो ।



नेपाल टेलिभिजन प्रति निजी क्षेत्रका विज्ञापन एजेन्सी र कर्पोरेट हाउसहरु को आकर्षण बढ्दो छ भने सरकारी निकायबाट पनि सार्वजनिक महत्वका सन्देश र कार्यक्रम सहकार्य वृद्धि हुदै गईरहेको छ । चैत्र महिनामा Three Nations Cup Football खेल प्रतियोगिताको प्रायोजन भई एन.टि.भि प्लसबाट प्रत्यक्ष प्रसारण गरिएको थियो जुन खेल नेपालमा मात्र नभएर विश्वकै दर्शकहरुले हेर्ने अवसर पाए । आ.व २०७८ का लागि राष्ट्रिय वाणिज्य बैकसंग बैकको व्यवसायिक विज्ञापन प्रसारणका लागि सम्झौंता निरन्तरता भयो भने शुभारम्भ साँझ २०७८ कार्यक्रम विभिन्न एजेन्सीहरुबाट प्रायोजन भई चैत्र ३१ गते राती संस्थानका चार वटा च्यानलहरुबाट प्रत्यक्ष प्रसारण भएको थियो । नेपाल टेलिभिजनको ब्यापारिक सम्झौंता तथा सहकार्य बृद्धिको प्रमुख कारण व्यवस्थापनको कार्यकुशलता, व्यवसायिक दक्षता तथा समय सापेक्ष प्रयोग हुदै आईरहेका नीति तथा रणनितीको परिणाम हो ।

कोभिड १९ का कारण संकुचन भएको विज्ञापन बजारको परिस्थितिमा पनि आर्थिक बर्ष २०७७-०७८ मा नेपाल टेलिभिजनले स्थापनाकाल देखि अहिले सम्मको आफ्नो ईतिहास तोड्दै ऐतिहासिक संम्झौता सम्पन्न भएको छ । नेपाल टेलिभिजनको यस प्रकारको बार्षिक सम्झौता सहकार्य समय सापेक्ष प्रगति उन्मुख रहेको छ ।

## अन्तिम लेखा परीक्षण सम्पन्न

चैत्र महिनामा आर्थिक प्रशासन महाशाखा अन्तरगत आर्थिक वर्ष २०७६/७७ को अन्तिम लेखापरीक्षणको कार्य सम्पन्न भएको ।



यसैगरी कर्मचारीहरुलाई नेपाल टेलिभिजन कर्मचारी कल्याण कोषबाट वितरण गरिने सापटी रकम वितरण प्रयोजनका लागि सापटी लिनका लागि निवेदन दिएका कर्मचारीहरुको नामावली टाँस गरिएको छ ।

यसको अलावा दैनीक रुपमा हुने भुक्तानी एवम् असुलीका कार्यहरु नियमित रुपमा भएका छन् ।



## स्टुडियो एवम् बाह्य कार्यक्रम उत्पादनमा सक्रिय

अपरेशन महाशाखा अन्तर्गत छायांकन तथा ध्वनि शाखा तथा दृश्य सम्पादन शाखाका कर्मचारीहरुको संलग्नतामा चैत्र महिनामा निम्न कार्यहरु सम्पन्न भएका छन् ।

### (क) कार्यक्रम/समाचार उत्पादन तथा प्रसारणः

अपरेशन महाशाखाका कर्मचारीहरुको संलग्नतामा चैत्र महिनामा संस्थानले स्टुडियोमा साप्ताहिक कोरोना केयर, दैनिक कोभिड हटलाइन र स्वास्थ्य मन्त्रालयको दैनिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारण जस्ता कोभिड–१९ का विषयमा सम्बन्धित निकायको प्रयाश र सचेतना सम्बन्धमा कार्यक्रम निर्माण र प्रसारण सम्पन्न गर्यो । त्यस्तै समाचार तथा कार्यक्रमहरुको नियमित Outdoor छायांकन भै दृश्य सम्पादन तथा डबिङ्ग समेत सम्पन्न भयो ।

### (ख) प्रत्यक्ष प्रसारणः

चैत्र महिनामा निम्न प्रत्यक्ष प्रसारणहरु सम्पन्न भए –

- अ) चैत्र १ – सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको शुभारम्भ
- आ) चैत्र ८ – मन्त्रीपरिषदको निर्णय सार्वजनिकिकरण कार्यक्रमको प्रत्यक्ष प्रसारण
- इ) चैत्र १०, १२, १४, १६ – त्रीदेशीयकप फुटबल खेलको प्रत्यक्ष प्रसारण
- ई) चैत्र १६ – मन्त्रीपरिषदको निर्णय सार्वजनिकिकरण कार्यक्रमको प्रत्यक्ष प्रसारण
- उ) चैत्र १८ – नेपाली सेनाको कार्यक्रम बर्दिबासबाट प्रत्यक्ष प्रसारण
- ऊ) चैत्र २७ – मन्त्रीपरिषदको निर्णय सार्वजनिकिकरण कार्यक्रमको प्रत्यक्ष प्रसारण
- ए) चैत्र ३१ – शुभारम्भ साँझको प्रत्यक्ष प्रसारण

## आवधिक समीक्षा विवरण पेश

आ.व.२०७७/७८ को दोस्रो चौमासिक अवधिको समीक्षाका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विवरण पठाइएको छ ।

अर्थ मन्त्रालयबाट प्रकाशन हुने संस्थानहरुको प्रगति (yellow Book) का लागि र आर्थिक सर्वेक्षणका लागि विवरण तयार गरी पठाइएको छ ।

यसैगरी नेपाल टेलिभिजनको आ.व.२०७७/७८ को कार्ययोजना अनुसार आह्वान गरिनुपर्ने ११ वटा टेण्डर सबै आह्वान भएको छ । जसमध्ये ८ वटा सम्झौता सम्पन्न भएको छ । २ वटा मूल्यांकनको क्रममा रहेको र १ वटा टेण्डर खोल्न बाँकी रहेको छ ।



## छायाङ्कन, ध्वनि तथा दृश्य सम्पादन शाखाको सक्रियता

अपरेशन महाशाखाका कर्मचारीहरुको संलग्नतामा २०७७ पुस महिनामा नियमित समाचार तथा कार्यक्रम छायाङ्कन, दृश्य सम्पादन र डबिङ्गका कामहरु सम्पन्न भए । यीनका अतिरिक्त साप्ताहिक कोरोना केयर, दैनिक कोभिड हटलाइन र स्वास्थ्य मन्त्रालयको दैनिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारण जस्ता कोभिड–१९ सम्बन्धी कार्यक्रमहरुको निर्माण र प्रसारण अपरेशन महाशाखाको संलग्नतामा भएका छन् । पुष महिनामा महाशाखा अन्तरगत भएगरेका कामहरुलाई निम्नानुसार सूचीकृत गरिएको छ ।

क) स्टुडियो उत्पादनः

१. स्टुडियो ८० ए र बि मा कार्यक्रम, O/C, उत्पादन तथा प्रत्यक्ष प्रसारण – १२७ वटा

२. स्टुडियो ३०० मा कार्यक्रम उत्पादन– ४ वटा

३. डबिङ्ग स्टुडियोमा अडियो डबिङ्ग – ५० वटा

ख) स्टुडियो बाहिर कार्यक्रम छायाङ्कनः ६८ वटा

ग) दृश्य सम्पादनः

१. कार्यक्रको दृश्य सम्पादनः ८७ वटा

२. समाचारको दृश्य सम्पादनः १४५२ वटा

घ) समाचार छायाङ्कनः २०३ वटा


ङ) प्रत्यक्ष प्रसारणः १८ वटा



## कर्मचारी र संस्थान सम्वद्ध काम

संस्थानमा कार्यरत स्थायी कर्मचारीहरुको हित र आवश्यकतालाई ध्यानमा राख्दै विगत देखि नै वितरण हुदै आइरहेको सहसलियतपूर्ण सापटी वितरण प्रक्रिया शुरु गरिएको छ । कर्मचारी कल्याण कोषबाट वितरण हुने सापटी प्रयोजनका लागि निवेदन माग गर्ने काम गरिएको छ । कोष संचालन सम्वन्धी नियमको आधारमा प्राप्त निवेदनहरु मध्येबाट कर्मचारीहरुलाई सापटी वितरण गर्ने प्रकृया शुरु हुने छ ।

यसैगरी संस्थानको अधिकृत पूँजी वृद्दि गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग अनुरोध गरिएको छ । यीनका अलावा भुक्तानी प्रकृया तथा बाँकी बक्यौता असुली प्रकृया महाशाखाको नियमित काम अनर्गत निरन्तर भइरहेको छ ।



## विविध समिक्षा बैठक सम्पन्न

एनटिभी कोहलपुरले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम सरकारका साथै विभिन्न स्थानीय तहहरुसंगको सहकार्यमा उनीहरुको आबश्यकताका आधारमा कार्यक्रमहरु उत्पादन र प्रसारण गरिरहेको छ । यसरी सहकार्य गरेका विभिन्न निकायहरुसंग कार्यक्रमको समिक्षा बैठक सम्पन्न भए । बैठकमा सरोकारवालाहरुले कार्यक्रमको गुणस्तरमा सुधार ल्याउन विभिन्न सुझाव दिदै अहिले सम्म एनटिभी कोहलपुरले गरिरहेको कामप्रति सन्तुष्टि व्यक्त गरेका छन् । यसका साथै दोस्रो चौमासिकको भुक्तानीका लागि बिलहरु पेश भएकामा धेरै जसो निकायबाट भुक्तानी प्राप्त भैसकेको छ ।

## कार्यालय भवनमा रंगको काम

लामो समयदेखि रंगरोगन नहुँदा एनटिभी कोहलपुरको भवन पुरानो देखिन्थ्यो । यो महिनामा रंगरोगन गर्ने काम सम्पन्न भएको छ । कार्यालयको मुख्य भवन र कार्यालय प्राङ्गणमा रहेका सुरक्षा र क्याण्टिन भवनको पनि रंगरोगन गरिएको छ । रंगरोगनपछि कार्यालय परिसरको स्वरुप नै चिटिक्क देखिएको छ । यसैगरी कार्यालय परिसरको बगैचा पनि थप व्यवस्थित गर्ने काम गरिएको छ ।



## व्यापार पनि बढ्दै

प्रदेशसभा सचिवालय, लुम्बिनी प्रदेश र एनटिभी कोहलपुरबीच सहकार्यका लागि करीव दश लाख रुपैया बराबरको सम्झौता सम्पन्न भएको छ । यो संगै एनटिभी कोहलपुरलाई निर्धारण गरिएको १ करोड रुपैयाको लक्ष्य भन्दा ३ गुणा बढी ३ करोड रुपैया नजिकको व्यापार गर्न यो च्यानल सफल भएको छ ।



## कोहलपुरमा नयाँ नयाँ कार्यक्रम




प्रदेशसभा सचिवालय, लुम्बिनी प्रदेशको सहकार्यमा एनटिभी कोहलपुरले साप्ताहिक रुपमा कार्यक्रम प्रदेशसभा परिधिको उत्पादन तथा प्रसारण सुरु गरेको छ । लुम्बिनी प्रदेशसभाका गतिबिधिलाई समेटेर तयार पारिने यो कार्यक्रम चालू आर्थिक वर्ष भरि नै उत्पादन तथा प्रसारण हुनेछ ।

यसैगरी एनटिभी कोहलपुर र नेपालगञ्ज एजुकेशनल फाउण्डेशनको संयुक्त प्रस्तुतिका रुपमा बाल कार्यक्रम लर्न विथ फन सुरु भएको छ । बालबालिकाको प्रतिभा प्रस्फूटन हुने गरी निर्माण गरिएको यो कार्यक्रम बालबालिकाका बीचमा लोकप्रीय हुदै गएको छ ।।




## सरसफाइसंगै स्वागत अनि शुभकामना



नयाँ वर्ष २०७८ को भव्य स्वागत गरियो । एनटिभी कोहलपुरको स्क्रिनमा नयाँ वर्ष लक्षित कार्यक्रम र सामाचार पस्केर नयाँ वर्षको स्वागत गरियो भने विभिन्न कार्यक्रम र समाचार स्टोरी मार्फत बिक्रम सम्वत २०७७ को समिक्षा गर्दै बिदाई गरियो । यस अवसरमा नयाँ वर्षको अघिल्लो दिन एनटिभी कोहलपुरमा बृहत सरसफाइ कार्यक्रम आयोजना गरियो । कार्यक्रममा एनटिभी कोहलपुर प्रमुख निराजन खनाल, शाखा प्रमुखहरु लगायत सबै कर्मचारीहरुको सहभागिता रहेको थियो । यसैगरी सोहिदिन साँझ आवास परिसरमा एक अनौपचारिक कार्यक्रम आयोजना गरी कर्मचारीहरुकाबीच शुभकामना आदानप्रदान गरियो ।।

## नयाँ कार्यक्रमको उत्पादन तथा प्रसारण

एनटिभी इटहरी च्यानलले चैत महिनाबाट अर्को नयाँ कार्यक्रमको उत्पादन तथा प्रसारण शुरु गरेको छ । स्थानीय सरकारसंगको सहकार्यमा “नागरिकसंग जनप्रतिनिधि” नामक नयाँ कार्यक्रमको उत्पादन तथा प्रसारण शुरु गरिएको हो । पहिलो कार्यक्रम भोजपुरको पौवादुङ्मा गाउँपालिकासंगको सहकार्यमा निर्माण तथा प्रसारण भएको छ । कार्यक्रम “नागरिकसंग जनप्रतिनिधि”करिव ५५ मिनेट लामो हुने छ । पालिकाहरुले गर्ने सार्वजनिक सुनुवाईलाइ नयाँ मोडल दिएर एनटिभी इटहरीले “नागरिकसंग जनप्रतिनिधि”नामक प्राविधिकरुपमा उच्च गुणस्तर र व्यवशायिक टेलिभिजन कार्यक्रम बनाएको हो । यसैगरी चैतबाटै वाह्य उत्पादकसंगको सहकार्यमा सामाजिक हास्य टेलिश्रृंखला “दोबाटे”प्रसारण पनि शुरु भएको छ । प्रत्यक शुक्रबार साँझ प्रसारण हुने टेलिश्रृंखला “दोबाटे”संगै एनटिभी इटहरीमा वाह्य उत्पादकसंगको सहकार्यमा प्रसारण हुने कार्यक्रमको संख्या दुईवटा भएको छ । यसअघि फागुन महिनाबाटै पर्यटन प्रवद्र्धनमा सहयोगी कार्यक्रम “डेस्टिनेशन”को प्रसारण शुरु भएको छ । वाह्य उत्पादकसंगको सहकार्यका साथै माघदेखि चैतसम्ममा हाम्रो इटहरी, मेगा शो–आर्थिक वहस,हाटबजारको पुन उत्पादन तथा प्रसारण र “नागरिकसंग जनप्रतिनिधि”थप ६ वटा




कार्यक्रमको प्रसारण भैसकेको छ । चैतको अन्तिम साताबाट नयाँ वर्ष २०७८ संगै संचालन गर्नेगरी ९ वटा नयाँ कार्यक्रमहरुको तयारी शुरु गरियो । त्यसै समयबाटै एनटिभी इटहरीमा ९ वटा नयाँ कार्यक्रमको तथा १ “नयाँवर्षसंगै एनटिभी इटहरीमा धेरै नयाँ” भन्ने प्रोमोको प्रसारण शुरु भयो । नयाँ र प्रसारण भैरहेका कार्यक्रमहरुको समेत गरी आर्टिष्ट अधिकृत(दृश्य सम्पादक) दिपकराज श्रेष्ठले एनटिभी इटहरीका लागि १४ वटा कार्यक्रम लोगो र ९ वटा प्रोमो बनाउनु भएको हो ।।

## बगैंचा र पार्किङ क्षेत्रमा टहरा



एनटिभी इटहरीको भवन परिसरमा बगैंचा निर्माणको काम सकिएको छ । बगैचासंगै केही विरुवारोपण भएको छ । भवनको मूल प्रवेशद्वारको भागमा ढुंगा स्वरुपको टायल राख्ने काम पनि सकिएको छ । त्यसैगरी घेरा पर्खाल र सुरक्षा घरलाइ सेतो रंग लगाउने काम पनि भएको छ । बगैँचा निर्माणसंगैपार्किङ क्षेत्रमा टहरा निर्माणको काम पनिसकिएको छ । टहरा निर्माणका लागि यसअघि प्रयोगमा नआई फालिएर राखिएका फलामका सामग्रीहरुको समेत प्रयोग गरिएको छ । यसरी फालिएका सामग्रीहरुको पुनः प्रयोगले टहरा निर्माणको लागत घटेकोछ ।



## प्रत्यक्ष प्रसारण र कार्यक्रम रेकर्ड

एनटिभी इटहरी च्यानलले चैत्र महिनामा २ वटाप्रत्यक्ष प्रसारण गरेको छ । दुवै प्रत्यक्ष प्रसारण नेपाली सेनाको भूतपूर्व सैनिक संघको कार्यक्रमको हो । सुनसरी इटहरीमा चैत ११ र महोत्तरीको वर्दीवासमा चैत १८ गते कार्यक्रम भएको थियो । चैत १८ गते एनटिभी इटहरीले वर्दिवासबाट केन्द्रको सहयोगमा प्रत्यक्ष प्रसारण गरेको थियो भने त्यसैदिन ३ वटा क्यामराको प्रयोग गरी भोजपुरको पौवादुङमामा नागरिकसंग जनप्रतिनिधि कार्यक्रम छाँयाङ्कन गरियो । चैत १८ गते नै इलामाको फिक्कलमा एनटिभी इटहरी र जिल्ला समाचारदाताहरुको समेत क्यामरा प्रयोग गरी सार्वजनिकरुपमा सुझाव संकलन गरिएको आर्थिक वहस कार्यक्रम रेकर्ड गरियो ।।

